(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
२०७३

गण्डकी प्रदेश, नेपाल ।

मिति:२०८२/०६/०८
ने.सं.: ११४५ कौलाथ्व तृतीया

## सार्वजनिक अपील

नेपालीहरूको महान चाडपर्वहरू दशैं, तिहार र छठको सुखद उपलक्ष्यमा बेसीशहर नगरपालिका परिवार समस्त नगरवासी आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। यी चाडपर्वले यहाँहरूको जीवनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायु ल्याओस् भन्ने कामना गर्दछौं।

यस वर्षको भाद्र २३ र २४ गतेको देशव्यापी जेन्जी आन्दोलनले हामी सबैलाई कुनै न कुनै रूपमा मर्माहित बनाएको छ। यसबाट देशले ठूलो जनधनको साथै सरकारी, निजी र सार्वजनिक सम्पत्तिमा क्षति बेहोर्नुपरेको कुरा सर्वविदितै छ। अहिले अवस्था सामान्य हुँदै सुधारोन्मुख भए पनि, यस विपद्कै घडीमा हामी हाम्रा आसन्न चाडपर्व मनाउने तयारीमा छौं। यस्तो अवस्थामा मनाइन लागेका चाडपर्वको समयमा अप्रिय घटनाहरू (जस्तैः चोरी, लुटपाट, झैझगडा, आगलागी, दुर्घटना) तथा उपभोक्ता ठगी र कालोबजारी जस्ता कार्यहरू हुन सक्ने हुँदा, यसप्रति सबै सरोकारवाला व्यक्ति वा संस्था अझै जिम्मेवार हुन आवश्यक भएको व्यहोरा अनुरोध गर्दै, समाजमा सामाजिक सद्भाव, एकता र सहिष्णुतासहित शान्ति सुरक्षा कायम गर्न तथा उपभोक्ताका अधिकार सुरक्षित गर्न यो अपिल जारी गरिएको छ।

(क) कुनै पनि प्रकारले शान्ति सुरक्षामा खलल पुऱ्याउने, सामाजिक सद्भाव, एकता र सहिष्णुता भड्काउने कार्यहरू नगर्नुहुन र यस्ता कार्यहरू हुन नदिन सक्रिय भूमिका निर्वाह गर्नुहुन ।

(ख) आफ्नो घर, पसल तथा कार्यालयको सुरक्षामा विशेष ध्यान दिनुहुन ।

(ग) सवारी साधन चलाउँदा सावधानी अपनाउनुहोला र ट्राफिक नियमहरूको पूर्ण पालना गर्नुहुन ।

(घ) व्यवसायीहरुले कुनै पनि वस्तुको अनुचित तवरले मूल्य वृद्धि नगर्ने, अखाद्य वस्तुको बिक्री वितरण नगर्ने तथा सवारी साधनको भाडामा अनुचित मूल्य वृद्धि नगर्नु/नगराउनुहुन र खाद्य वा गैरखाद्य वस्तुको सर्वसुलभता, नियमितता, उचित तौल एवं उचित मूल्यमा उपलब्धता सुनिश्चित गर्न।

(ङ) माछामासु बिक्री गर्ने व्यवसायीहरूले बिक्री स्थल, काट्ने स्थानको सरसफाइ कायम गर्ने/गराउने, माछामासु राख्ने ठाउँ सफा राख्ने/राख्न लगाउने, माछामासु काट्ने व्यक्तिले सफा एप्रोन लगाउने, औजार/सामग्रीको सरसफाइ गर्ने/गराउने र सफा पानीको मात्र प्रयोग गर्ने/गराउने तथा माछामासु बिक्री गर्ने स्थल सफा, सुरक्षित र व्यवस्थित रूपमा बिक्री वितरण गर्न ।

(च) चाडपर्वको समयमा चर्को स्वरमा ध्वनि प्रदूषण हुने गरि डीजे लगायत वाद्यवादनका साधन नबजाउने तथा पटाकाजन्य वस्तुको प्रयोग र खरिद बिक्री जस्ता कार्य नगर्नु/नगराउनुहुन अनुरोध गर्दछौं।



Scanned with CamScanner

☎(फोन नं.): ०६६-५२०१५०

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
२०७३

गण्डकी प्रदेश, नेपाल ।

(छ) गैरकानुनी क्रियाकलापबाट टाढै रहौं: कुनै पनि प्रकारका जुवा, तास, चिठ्ठा खेल्ने/खेलाउने जस्ता कानूनले बर्जित गरेका कार्य नगर्नु/नगराउनुहुन अनुरोध गर्दछौं।

(ज) उपभोक्ता अधिकार संरक्षणमा सहयोग गरौं: उपभोक्ता अधिकार सुनिश्चित गर्न कानून विपरीतका कार्यलाई कानूनको दायरामा ल्याउन सहयोग गर्नुहुन अनुरोध गर्दछौं।

(झ) भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा देशका विभिन्न कारागारहरुवाट भागेका कैदीवन्दीहरु गाउँ/घर तिर आउन सक्ने हुनाले यस्तो सूचना प्राप्त भएमा वा शंका लागेमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनुहुन ।

(ञ) आगलागी भएमा दमकल (९८४६९००४५९, ९८४६४८९८८८) र अत्यावश्यक स्वास्थ्य सेवाको लागि एम्वुलेन्स आवश्यक भएमा नगरपालिकाको एम्वुलेन्स (९८२४११४३९४) मा सम्पर्क गर्नुहुन ।

(ट) प्रदेश अस्पतालको आकस्मिक स्वास्थ्य सेवा उपचार सार्वजनिक विदाको दिनमा समेत २४ घण्टानै खुल्ला रहेने हुँदा आकस्मिक स्वास्थ्य सेवा उपचारको लागि प्रदेश अस्पताल (०६६-५२०१८३/५२०२५८) मा सम्पर्क गर्ने ।

(ठ) विपदजन्य घटनाहरु घटेमा तुरुन्त बेसीशहर नगरपालिकाको नगर प्रहरी इकाई (९८६६०२१२१६) मा सम्पर्क गर्ने ।

(ड) हाल खुल्ला सडकमा जथाभावी स्केट प्रयोग गरि सडक दुर्घटना निम्त्याएको सूचनाहरु प्राप्त भएकोले खुल्ला सडकमा जथाभावी स्केट तथा अन्य खेलकुदका गतिविधिहरु संचालन नगर्नुहुन।

कानून विपरीतका कुनै पनि कार्य नगर्न/नगराउन अनुरोध गर्दै, परम्परादेखि मनाइँदै आएका यस्ता चाडपर्वहरूले सामाजिक, धार्मिक, सांस्कृतिक सद्भाव अभिवृद्धि गर्नुका साथै आपसी सम्बन्ध र भ्रातृत्व विकास गर्न अभिप्रेरित गरोस्। आफ्नो संस्कृति र परम्पराको संरक्षण-संवर्धन गर्दै समग्र शान्ति सुव्यवस्था कायम राखी चाडपर्व हर्षोल्लासपूर्वक मनाउन र चाडपर्व मनाउने कार्यलाई सभ्य र मर्यादित बनाउन समस्त नगरवासीज्यूहरूमा हार्दिक अपिल गर्दछौं।

(सुमन अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner